म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३२० सोमबार १८ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 3 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषध खैरोहिरोइनसहित भीमफेदीका रोहित पक्राउ

हेटौंडा, १७ असार/मकवानपुरको हेटौंडा उपमहानरपालिका वडा नं. १५ रातोमाटेबाट लागूऔषध खैरोहिरोइन सहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा भीमफेदी गाउँपालिका वडा नं. ५ बस्ने २४ वर्षीय रोहित मिजार रहेका छन् । पूर्वपश्चिम राजमार्ग अन्तर्गत बीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ ज ३१५ नम्बरको माईक्रो बसमा सवार मिजारलाई १ ग्राम लागूऔषध खैरो हिरोइन सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले मिजारको शरीरको खानतलासी गर्दा उनले लगाएको जुत्ताको सोलभित्र लुकाएर ल्याएको अवस्थामा खैरो हिरोइन बरामद गरेको हो । उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

# पञ्चैबाजा तालिम संस्कृति जोगाउनेदेखि आयआर्जनसम्म

सरला खनाल

हेटौंडा, १७ असार/ हेटौंडा उपमहानगरपालिकाले गत जेठ २२ गते आयोजना गरेको ५४ औं विश्ववातावरण दिवसको अवसरमा आयोजना गरिएको र्‍यालीमा बजेको पञ्चैबाजाको धुनले सबैको मन तान्यो । पुरुषले बजाएको ठानेका दर्शकले महिलाका हातमा बाजा देखेपछि अनौठो माने । अझ पञ्चैबाजा बजाएर हेटौंडा उपमहानगरपालिका-१ का महिला समूहले पुरस्कार पनि हातपार्‍यो ।

महिलालाई पञ्चैबाजा सिक्ने चाँजो मिलाएको थियो हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ कार्यालयले । वडाले महिलाको क्षेत्रमा गरेको बार्षिक बजेट विनियोजन गरी महिलालाई पञ्चैबाजा तालिम दिएको हो । जसमा १९ महिलाले ४५ दिनसम्म बाजा बजाउन सिकेका थिए । 'महिलालाई सबल र आत्मनिर्भर बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले वडाले पञ्चैबाजा तालिम दिलाउन सहयोग गरेको हो,- वडाध्यक्ष सविन न्यौपाने भन्छन्, 'अझ महत्वपूर्ण कुरा त यो अभियानले परम्परा र संस्कृति जगेर्नामा मद्दत पुग्छ ।'

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको अनुभवमा त हेटौंडा पञ्चैबाजा बजाउने महिलालाई तालिम दिलाउने मुलुककै पहिलो स्थानीय तह भएको छ । तालिममा सहभागी हुन थालेपछि महिलाको दैनिकी नै फेरियो । अरु दिन मोबाइल हेरेर, घरायसी काम गरेर बिताउने महिला तालिम सुरु भएपछि हतारहतार घरधन्दा सकेर प्रशिक्षण केन्द्र पुग्थे । सुरुमा दमाहा, ट्याम्को, नरसिंहा, झ्याली, सनाई बजाउन अप्ठेरो लागे पनि २ जना प्रशिक्षकको



सहयोगले बिस्तारै अभ्यस्त हुँदै गए ।

त्यही अभ्यासले वातावरण दिवसमा उनीहरुलाई पुरस्कार दिलायो । महिलालाई हौसला दिन नगरप्रमुख लामाले एकसेट बाजा र पोशाक नै उपलब्ध गराइन् । एकातिर यो अभियानले महिला सशक्तिकरणमा पनि योगदान गरेको छ भने अर्कोतर्फ महिला स्वरोजगार बन्न पुगेका छन् । आफूसँग भएको सीप प्रयोग गरी आयआर्जन गर्नसकेको खण्डमा महिलाको आत्मबल बढ्ने निश्चित छ ।

**महिलाका अनुभव**

महिलाले बाजा बजाउन हुँदैन भन्ने परम्परागत मान्यतालाई चिर्दै नगरका हरेकजसो समुदायका महिला तालिममा सहभागी भए । गृहिणीदेखि सरकारी कर्मचारीसम्म सबै पेशाका महिलाले तालिम लिए । 'सुरुमा बजाउन अप्ठेरो भयो, अहिले बानी भएकाले होला केहीजस्तो पनि लाग्दैन', तालिममा सहभागी मुना लामा भन्छिन्, 'अरुले हौसला दिएको देख्दा भविष्यमा यो सीपलाई निरन्तरता दिने मन छ ।' लामाले सनाई र ढोलक बनाउन सिकेकी हुन् । पेशाले सरकारी कर्मचारी शान्ता लौडारी सानैदेखि पञ्चैबाजा भनेपछि हुरुक्कै हुन्थिन् । अवकाशपछि पञ्चैबाजा बजाएर र माइलो गर्ने रहर उनलाई छ ।

सुनिता बानियाँले अटो चलाएर जीवन धान्दै आएकी थिइन् । रक्तचाप बढेको भन्दै छोराछोरीले अटो चलाउन दिएनन् । घरमा बस्दा पनि मनमा अनेकौं कुरा खेल्थ्यो । तर, पञ्चैबाजा तालिम लिएपछि उनको रक्तचाप नियन्त्रणमा आएको छ । भन्छिन्, 'रमाइलो पनि भएको छ र भविष्यमा यसले आयआर्जन गरी खर्च चलाउन पुग्लाजस्तो लागेको छ ।' त्यस्तै, माया लामा र उषा अधिकारी पनि जानेको सीपलाई पेशाका रुपमा निरन्तरता दिने योजनामा रहेको बताउँछन् ।

पञ्चैबाजा दमाहा, झ्याली, ट्याम्को, ढोलकी र सहनाई पर्छ । यिनलाई ५ जना वाद्यवादकले एकसाथ सुरताल मिलाएर बजाउने गर्छन् । परम्परादेखि नै पञ्चैबाजा बिहे, ब्रतबन्ध, जात्रा, रोपाइँ, धार्मिक समारोह तथा शुभसाइतमा प्रयोग हुँदै आएको छ, जुन नेपालको मौलिक बाद्यवादन मानिन्छ । विगतमा दलित भनिने दमाई समुदायले मात्र बजाउने यो बाजालाई आधुनिक ब्याण्डबाजाले विस्थापित गर्दै आएको थियो । मुलुकका केही स्थानमा युवापुस्ताले पञ्चैबाजाको जगेर्ना गर्ने प्रयास गरेको पाइन्छ । केही स्थानमा समुदायले संरक्षणको पहल गरेको पाइन्छ ।

'नेपालको मौलिक बाद्यवादन पञ्चैबाजा लोप हुने अवस्थामा पुगेको छ, कतिपय नयाँ पुस्तालाई यसबारे थाहै छैन,' हेटौंडा-१ का वडाध्यक्ष न्यौपाने भन्छन्, 'त्यसका लागि महिलालाई तालिम दिएर हामीले संस्कृतिको जगेर्ना गने प्रयास गरेका हौं ।' नेपाली समाजको मौलिक बाजाको रुपमा रहेको न्याउली बाजा अहिले लोप हुने क्रममा छ । नेपाली सेनाले न्याउली बाजाको संरक्षणमा चासो राखेर न्याउली बाजा बजाउने जनशक्ति उत्पादन गरिरहेको छ ।

संस्कृतिविद् रामचन्द्र आचार्य 'फुर्सती' संस्कृति जोगाउन नगरको प्रयास सराहनीय रहेको बताउँछन् । 'राम्रो कामको सुरुवात भएको छ,' उनले भने । अन्य नगरले पनि हेटौंडाको यो प्रयासलाई अनुसरण गर्न सके भोलिका पुस्ताले पनि थाहा पाउन सक्ने अभियन्ताहरुको भनाइ छ । बिगतका दिनमा महिलाले पञ्चैबाजा बजाउन हुँदैन भन्ने मान्यता रही आएको थियो । तर, युवापुस्ताले यो मान्यतालाई परिबर्तन गरेका छन् । ब्याण्डबाजाले व्यावसायिकताको रुप लिएपनि पञ्चैबाजालाई संरक्षण गर्न सरकारी निकायले कुनै पहल गरेको छैन । फाट्टफुट्ट रुपमा व्यक्तिगत तथा समुदायको पहलबाहेक यो बाजालाई संग्रहालयमा खोज्नुपर्ने अवस्था छ । 'त्यही भएर हामीले यसको तालिमको व्यवस्था मिलाएका हौं, यसलाई आगामी वर्षहरुमा निरन्तरता दिने योजना बनाउँदैछौं,' वडाध्यक्ष न्यौपानेले भने । हाम्रो समाजमा परमपरागतरुपमा बजाउँदै आएको पञ्चैबाजा व्यावसायिक बन्ननसक्दा र नयाँ पुस्तामा सीप हस्तान्तरण हुन नसक्दा लोप हुने अवस्थामा पुगेको छ ।

दिनभरि बाजा बजाएर भनेजस्तो ज्याला नपाउनु, नियमित रुपमा बाजा बजाउने कार्यक्रम नहुनु, बाजा बजाउने युवाको टिममा बेमेल हुनु जस्ता समस्याले पञ्चैबाजा लोप हुँदै गएको छ । नेपाली लोकसंस्कृति झल्किने पञ्चैबाजा होस वा नौमती बाजा लोप हुने खतरामा छ । आधुनिकतासँगै अन्य विदेशी बाजाको प्रभाव र परम्परागतरुपमा बाजा बजाउनेको पेशालाई संरक्षण गर्न नसक्दा र उचित ज्यालाको व्यवस्था हुन नसक्दा लोप हुने अवस्थामा पुगेको हो ।

## न्यायालयका कर्मचारीद्वारा कुटपिट घटनाको विरोध

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ मकवानपुरमा न्यायालयका कर्मचारीद्वारा पेन डाउन गरेका छन् । उच्चअदालत पाटन, हेटौंडा इजलास तथा मकवानपुर जिल्ला अदालतमा कार्यरत कर्मचारीद्वारा आइतबार पेन डाउन गरिएको हो । ललितपुर जिल्ला अदालतमा कार्यरत नायबसुब्बा प्रेमीका तामाङलाई कार्यकक्षमै सेवाप्रवाहको क्रममा कानून व्यवसायीद्वारा गरिएको अभद्र व्यवहार एवं कुटपिट गरी घाइते बनाएको कार्यको विरोधमा आइतबार दिउँसो १:३० बजेसम्म पेन डाउन गरेका हुन् ।

आइतबार देशभरका न्यायालयमा कार्यरत कर्मचारीहरु आन्दोलनमा छन् । सर्वोच्च अदालत अन्तर्गतका कर्मचारी संगठनहरुले आह्वान गरे अनुसार न्यायालयका कर्मचारीहरुले दिउँसो साँढे १ बजेसम्म काम रोकेका छन् । १३ असारमा जिल्ला अदालत ललितपुरकी नासु प्रेमिका तामाङलाई कानुन व्यवसायी अमिर लामिछानेले आक्रमण गरेको भन्दै विरोध स्वरुप न्यायालयका कर्मचारीहरु आन्देलनमा उत्रिएका हुन् ।

उच्च अदालत पाटन, हेटौंडा इजलास तथा मकवानपुर जिल्ला अदालतमा कार्यरत कर्मचारीहरुद्वारा आइतबार संयुक्त ऐक्यवद्धता जारी गर्दै पक्राउ गरिएका कानून व्यवसायीलाई हदैसम्मको कानूनी कारवाही गरी आगामी दिनमा यस्तो प्रवृत्तिको पुनरावृत्ति नहुनेतर्फ सम्बन्धित निकायको ध्यानाकार्षण समेत गराइएको छ । पीडित घाइते कर्मचारी तामाङको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सर्वोच्च अदालतमा क्रियाशील ट्रेड युनियनहरुबाट जारी प्रेस विज्ञप्तिप्रति पूर्णऐकबद्धता प्रकट गरिएको छ । 'यस घटनाप्रति सम्बन्धित निकाय संवेदनशील भएको नपाइएमा यसपछि हुने बिरोध कार्यक्रमप्रति समेत ऐकबद्धता गर्दछौं' उच्च अदालत पाटन, हेटौंडा इजलास तथा मकवानपुर जिल्ला अदालतमा कार्यरत कर्मचारीले बिज्ञप्तीमा भनेका छन् ।




## नक्कली नोटसहित मकवानपुरगढीका भोम्जन पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ ललितपुर महानगरपालिका-४ इमाडोलबाट नक्कली नोटसहित प्रहरीले मकवानपुरका एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा मकवानपुरगढी गाउँपालिका-१ घर भई ललितपुर महानगरपालिका-४ इमाडोल बस्ने ४२ वर्षीय प्रशान्त भनिने पासाङ भोम्जन छन् । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा नक्कली नोटको कारोबार भइरहेको विशेष सूचनाका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले शुक्रबार भोम्जनलाई पक्राउ गरेको जनाएको छ ।

प्रहरीले भोम्जनको साथबाट ५०० दरका १६० थान गरी ८० हजार बराबरको नक्कली नोटसमेत बरामद गरेको छ । नक्कली नोटसहित पक्राउ परेका भोम्जनलाई थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाएको कार्यालयका प्रवक्ता एसपी रविन्द्र रेग्मीले जानकारी दिए ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि
०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

2-DAY FREE MEDICAL CAMP
(२ दिने निशुल्क चिकित्सा शिविर)



असार २२ र २३ गते
स्थान: हेटौडा स्कुल अफ मानेजमेन्ट एण्ड सोसल साईन्स
समय: बिहान ८ बजे देखि

निःशुल्क स्वास्थ्य परिक्षण सेवाहरु:

- जनरल मेडिसिन (General Medicine)
- प्रसुति तथा स्त्री रोग (Obstetrics and Gynecology)
- बाल रोग (Pediatrics)
- शल्य क्रिया (General Surgery)
- मानसिक तथा नसा (Psychiatry)
- हाडजोर्नी तथा नसा रोग (Orthopedics)
- छाला तथा यौन रोग (Dermatology)
- नाक कान घाँटी (ENT)
- आँखा परिक्षण (EYE)
- ई. सी. जी. ECG
- भिडियो एक्सरे (USG)
- रगत तथा पिसाब परिक्षण (LAB)
- न्युरो सर्जरी (Nero Surgery)
- मुटु रोग (Heart Disease)

Organized by: Hetauda School of Management and Social Sciences "कडा अनुशासन, स्तरीय शिक्षा"

Technical Support by: KATHMANDU MEDICAL COLLEGE

Accredited by University Grants Commission (UGC), Nepal (2023)

साझाकुरा

## हाम्रो कुरा

# मनहरीको विकास

मकावानपरकाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाले चालू आर्थिक वर्ष २०७९/८० को १० असारसम्म सडकको १० किलोमिटर नयाँ ट्र्याक निर्माण गरेको छ । नयाँ ट्र्याक ९ हजार ५ सय ४७ मिटर थप भएको । मकवानपुरका १० स्थानीय तहमध्ये सबैभन्दा बलियो आर्थिक स्रोत भएको गाउँपालिकाको रुपमा मनहरी परिचित छ । पूर्वाधारतर्फ सडकको नयाँ ट्र्याक खोल्न पालिकाले लगानी गरेको पाइएको छ । सडक निर्माणमा स्ल्याब ढलान, ग्राभेल बाटो निर्माण, कालोपत्रे र नयाँ ट्र्याक खोलिएको हो । सबै विकासका क्षेत्रसँग जोडिन सडक निर्माणलाई सबै स्थानीय तहले प्राथमिकतामा राखेका छन् । मनहरीले पनि सडक निर्माणलाई प्राथमिकता दिँदै गत साउनदेखि १० असारसम्म सडकका चारै क्षेत्रमा प्राथमिकताका साथ काम गरेको हो । गाउँपालिकाले ५ हजार १ सय ९७ मिटर स्ल्याब ढलान गरेको छ । ग्राभेल बाटो निर्माण ४ हजार २ सय १७ मिटर भएको छ ।

१ हजार ४ सय ५० मिटर सडक कालोपत्रे निर्माण गरिएको छ । गाउँपालिका कार्यालयले रिटेनिङ् वाल २ हजार ९ सय ७० मिटर, पक्की नाला निर्माण ५ सय ४६ मिटर, ग्याविन डयाम निर्माण ३ सय ५० मिटर, खानेपानी पाइपलाइन विस्तार ३ हजार २ सय मिटर, ट्यूवेल घारा ५७ वटा, सार्वजनिक भवन र मर्मत सम्भार १५ वटा, कलर्भट तथा पुल निर्माण १० वटा, कम्पाउण्ड, तारजाली र काँडेतार ६ सय मिटर, घरनक्सा अभिलेखीकरण १ सय ५४ वटा, नयाँ घर नक्सा पास ८ वटा र १ सय ५४ कित्ता जग्गा नापी गरिएको छ । आर्थिक प्रशासन शाखाको तथ्यांकअनुसार गाउँपालिकाले चालू आवका लागि १ अर्ब ६४ लाख २५ हजार ७ सय ९ बजेट बिनियोजन गरेको थियो । १० असारसम्म पालिकाले ८३ करोड ३९ लाख ८६ हजार ३ सय ५१ अर्थात ८३ प्रतिशत आम्दानी गरेको जानकारी दिइएको छ । खर्च ५६ करोड २८ लाख १२ हजार ५ सय ४९ रुपैयाँ अर्थात ५६ प्रतिशत गरेको छ । चालूतर्फ ३१ करोड ९३ लाख ४६ हजार ३६ अर्थात ६४ प्रतिशत र पुँजीगततर्फ २४ करोड ३४ लाख ६६ हजार ५ सय १३ अर्थात ४८ प्रतिशत बजेट खर्च भएको छ । भौतिक पूर्वाधारको क्षेत्रमा २९ करोड ९२ लाख ५१ हजार बजेट बिनियोजन गरेर काम गरेको थियो । शिक्षातर्फ बिनियोजित बजेट खर्च ८० प्रतिशत भएको बताए । कुल योजना २ सय ७४ वटामध्ये २ सय ५५ वटा सम्झौता भइसकेको गाउँपालिकाले जनाएको छ । पूर्वाधार शाखातर्फ ठेक्कामा सञ्चालित योजनाहरु कतिपय सम्पन्न भइसकेको छ भने खानेपानीका कामहरु तीव्र गतिमा भइरहेको बताइएको छ । वडातहमा हुने स्वास्थ्य ईकाइका भवनहरु निर्माणको अन्तिम चरणमा रहेका छन् ।

१५ शैयाको मनहरी अस्पताल संघीय सर्शत बजेट रहेको तर, जग्गा प्राप्त नभएकाले कार्य अगाडि बढाउन नसकिएको जनाइएको छ । स्वास्थ्य क्षेत्रमा ओपिडी सेवा विस्तार मनहरी अस्पतालमा गरिएको भन्दै श्रेष्ठले भने गर्भवती, विद्यालय छात्रा, जेष्ठ नागरिक लक्षित स्वास्थ्य कार्यक्रम, आँखा सम्बन्धी कार्यक्रम, सुत्केरी भेटघाट कार्यक्रमहरु गर्दै आइरहेको बताइएको छ । आर्थिक प्रशासनतर्फ गाउँपालिकालाई हालसम्म ८३ प्रतिशत कुल आम्दानी भएको छ । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले गाउँपालिकालाई भ्रष्टाचारमुक्त बनाउने प्रतिबद्धता जनाएका छन् । एक अन्तरक्रिया कार्यक्रममा भ्रष्टाचार र अनियमितताप्रति आफू निकै सचेत रहेको भन्दै गाउँपालिकालाई भ्रष्टाचारमुक्त बनाइने प्रतिवद्धता अध्यक्ष कालाखेतीले जनाएका छन् । आफ्नो कार्यकालमा राम्रो काम गर्न प्रयत्न गर्ने र नराम्रो काम गर्न नदिने उनले बताए । कर्मचारीले घुस लिएको, भ्रष्टाचार गरेको फेला परेमा ठाउँकोठाउँ कारबाही गर्ने बताएका छन् । केही समय अघि एक कर्मचारीलाई कारबाही गरिएको पनि उनले उल्लेख गरे ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार १९ गते मंगलबार ४ जुलाई २०२३ । प्रतिपदा, श्रावण कृष्णपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलोगरि समय बित्ने | तुला | : सामाजिक काममा सफलता |
| वृष | : राजनीतिमा प्रगति हुने | वृश्चिक | : सन्तानबाट खुशी मिल्ने |
| मिथुन | : शारीरिक परिश्रम गर्नुपर्ने | धनु | : व्यापारमा केही हानि हुने |
| कर्कट | : पढाइमा प्रगति हुने | मकर | : शत्रु पराजित हुने |
| सिंह | : विश्वासमा संकट आउने | कुम्भ | : मानसम्मान बढ्ने |
| कन्या | : निर्माण कार्यमा प्रगति | मीन | : विद्यार्थीका लागि लाभदायक |

# नेपालमा वैदेशिक सहायताः संस्थागत क्षमता सुधारौं, प्राथमिकता पछ्याऔं



रामबाबु अधिकारी

नेपालमा वैदेशिक सहायताको इतिहास कैयौं दशक लामो छ र यसले देशको विकासको मार्गलाई आकार दिन महत्वपूर्ण भूमिका खेलेको छ । अमेरिकाको चारबुँदे कार्यक्रम अन्तर्गत सन् १९५१ मा अमेरिका सरकारबाट प्राप्त अनुदान नै नेपालको पहिलो वैदेशिक सहयोगको रूपमा लिइन्छ । २०१३ सालमा योजनाबद्ध विकासको थालनी गरेदेखि हालसम्म नेपालले विभिन्न मुलुक र दातृ निकायहरूबाट वैदेशिक सहायता प्राप्त गर्दै आएको छ ।

पहिलो योजना अवधिमा नेपालले भारतबाट द्विपक्षीय अनुदान सहायता र अमेरिकाबाट त्रिभुवन राजपथ निर्माणका लागि प्राविधिक सहायता लिएको थियो । प्रारम्भिक वर्षहरूमा पूर्वाधार विकासका क्षेत्रहरू विशेषगरी यातायात, सञ्चार र जलविद्युतको क्षेत्रमा सहायता केन्द्रित थियो ।

सन् १९६० र १९७० को दशकमा नेपालले वैदेशिक सहायताको आकार बढाउँदै विश्व बैंक, एसियाली विकास बैंक, संयुक्त राष्ट्रसंघ जस्ता बहुराष्ट्रिय संस्थाहरूबाट सहयोग प्राप्त गर्न थाल्यो । यी संस्थाहरूले कृषि, शिक्षा, स्वास्थ्य सेवा र ग्रामीण विकास जस्ता क्षेत्रहरूमा विभिन्न विकास परियोजनाहरूलाई सहयोग प्रदान गरे । यी परियोजना मार्फत गरिबी न्यूनीकरण, आधारभूत सेवामा सुधार र मानव पूँजी अभिवृद्धिमा महत्वपूर्ण परिवर्तनका प्रयास भए । त्यसपछि संयुक्त राज्य अमेरिका, सोभियत रुस, चीन, भारत, जापान, संयुक्त अधिराज्य, स्विट्जरल्यान्ड, अस्ट्रेलिया र न्युजिल्यान्ड आदि राष्ट्रले पनि नेपाललाई अनुदान सहयोग प्रदान गरे ।

सन् १९७० को दशकपछि नेपालमा वैदेशिक सहयोग ऋण सहायता र द्विपक्षीयको साथसाथै बहुपक्षीय सहयोग अवधारणा अगाडि आएको देखिन्छ । त्यसमा अन्तर्राष्ट्रिय विकास संघ, विश्व बैंक र एसियाली विकास बैंकको भूमिका सशक्त ढङ्गले बढेको देखिन्छ ।

सन् १९८० र १९९० को दशकमा, नेपालले महत्त्वपूर्ण राजनीतिक परिवर्तन र आर्थिक चुनौतीको अनुभव गऱ्यो । यस अवधिमा दाताहरूले नेपालको लोकतन्त्रीकरण प्रक्रियालाई सबल बनाउन र सामाजिक तथा आर्थिक असमानतालाई सम्बोधन गर्ने आवश्यकतालाई मनन गर्दै वैदेशिक सहायतामा वृद्धि गरेको पाइन्छ । मुख्यगरी सहायता रकम सुशासन सुधार, विकेन्द्रीकरण र संस्थागत क्षमता अभिवृद्धिमा केन्द्रित थियो ।

यसका साथै दाताहरूले लैङ्गिक समानता, वातावरण संरक्षण र दिगो विकासलाई प्रवर्धन गर्न सहयोग प्रदान गरे । सन् १९९० को दशकयता वैदेशिक सहयोगहरू- आयोजना सहयोग, मालसामान सहयोग, प्राविधिक सहयोग र कार्यक्रम सहयोग गरी ४ किसिमका रूपमा उपलब्ध हुँदै आएको छ ।

सन् २००० को प्रारम्भमा नेपालले लामो समयसम्म द्वन्द् र राजनीतिक अस्थिरताको सामना गर्नुपऱ्यो, जसले विदेशी सहायतामा समेत प्रभाव पर्न गयो । यद्यपि, दाताहरूले शान्ति निर्माण, द्वन्द्व समाधान र द्वन्द्वपछिको पुनर्निर्माणमा ध्यान केन्द्रित गर्दै नेपालमा आर्थिक सहायता जारी राखे । सन् २००६ को बृहत् शान्ति सम्झौताले दातृ निकायहरूबाट शासकीय सुधार, शान्ति स्थापना र आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिएर वैदेशिक सहायता बढाउने बाटो प्रशस्त गऱ्यो ।

हालैका वर्षहरूमा नेपालले आफ्नो सहायता पोर्टफोलियोमा थप आयाम खडा गर्न सफल भएको छ । संयुक्त राज्य अमेरिका, भारत, संयुक्त अधिराज्य र जापान जस्ता परम्परागत दाता राष्ट्रहरू र विश्व बैंक, आईएमएफ र एसियाली विकास बैंक जस्ता विकास साझेदारहरूले महत्वपूर्ण सहयोग प्रदान गरिरहँदा चीन जस्ता उदीयमान शक्ति राष्ट्र पनि नेपालको सहायता परिदृश्यमा महत्वपूर्ण खेलाडी बनेका छन् ।

चीनको सहयोग मुख्यतया सडक, पुल र जलविद्युत आयोजनाको निर्माण लगायत पूर्वाधार विकासमा केन्द्रित छ । यति हुँदाहुँदै पनि बीआरआई, एमसीसी जस्ता शक्ति राष्ट्रहरूको रणनीतिक योजनाहरूमा नेपालको संलग्नता विवादमुक्त हुनसकेको छैन ।

नेपालले राष्ट्रिय विकासका प्राथमिकताहरूसँग सहायताको आबद्धतामा जोड दिँदै आएको छ । सरकारले सहायताको प्रभावकारी उपयोग सुनिश्चित गर्न र विकासको नतिजामा प्रभाव बढाउन बृहत्तर सहायता समन्वय संयन्त्रको विकास गर्दै आएको छ । दाताहरूले नेपालको राष्ट्रिय योजना र रणनीतिहरू, जस्तै त्रिवर्षीय अन्तरिम योजना र आवधिक पञ्चवर्षीय योजनाहरूसँग आफ्नो सहयोगलाई केन्द्रीकृत गर्दैछन् ।

संविधानको धारा ५१ म राज्यका नीतिहरू अन्तर्गत अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने नीति रहेको छ । यस्तै संविधानको धारा ५९(६) मा वैदेशिक सहायता र ऋण लिने अधिकार संघीय सरकारको हुने र त्यस्तो सहायता वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक सहायता उपयोगको प्राथमिक क्षेत्रहरूमध्ये एक पूर्वाधार विकास नै हो । दाताहरूले सडक, पुल, विमानस्थल र जलविद्युत् आयोजनाको निर्माण, सम्पर्क विस्तार, व्यापार सहजीकरण र दुर्गम क्षेत्रमा पहुँच सुधार गर्न सहयोग गरेका छन । यी पूर्वाधार परियोजनामा गरिएको लगानीले आर्थिक गतिविधिलाई उत्प्रेरित गर्न र क्षेत्रीय एकीकरणलाई बढावा दिन महत्वपूर्ण भूमिका खेलेका छन् ।

वैदेशिक सहायताले महत्वपूर्ण भूमिका खेलेको अन्य क्षेत्रहरूमा शिक्षा, स्वास्थ्य, कृषि र ग्रामीण विकास आदि पर्दछन् । दाताहरूले जनशक्ति विकास र क्षमता अभिवृद्धिमा योगदान गर्दै विद्यालय, कलेज र व्यावसायिक तालिम केन्द्रहरूको स्थापना र सुधारमा सहयोग गरेका छन् । छात्रवृत्ति र शैक्षिक अनुदान प्रदान गर्ने कार्यक्रमले नेपाली विद्यार्थीलाई प्राथमिक, माध्यमिक तथा उच्च शिक्षा हासिल गर्न, आफ्नो ज्ञान र सीपलाई फराकिलो बनाउन र अन्तर सांस्कृतिक सम्बन्धलाई बढावा दिन ठूलो मद्दत पुगेको छ ।

वैदेशिक सहायताबाट अस्पताल, स्वास्थ्य क्लिनिक, चिकित्सा संस्थानहरू, विशेषगरी ग्रामीण र सेवा नपुगेका क्षेत्रमा स्थापना गर्न सहयोग पुग्नुका साथै स्वास्थ्य सेवा पूर्वाधार सुधार गर्न, अत्यावश्यक चिकित्सा उपकरण उपलब्ध गराउन, मातृ तथा बाल स्वास्थ्य, संक्रामक रोग र सीमान्तकृत समुदायका लागि स्वास्थ्य सेवाको पहुँचमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ । यसबाट बिरामी र मृत्युदर घटाउन एवं जनस्वास्थ्यको समग्र सुधार गर्न सकारात्मक प्रभाव पारेको छ ।

वैदेशिक सहायताको परिचालनबाट कृषि उत्पादन वृद्धि गर्न, खाद्य सुरक्षा सुधार गर्न र ग्रामीण समुदायको जीवनस्तर उकास्न मद्दत पुगेको छ । सिंचाइ नहर र कृषि सडकहरू जस्ता ग्रामीण पूर्वाधारहरू विकास गर्न, किसानलाई बजारमा पहुँच स्थापित र कृषि उद्यमशीलता विकास गर्नका लागि पनि वैदेशिक सहायता प्रभावकारी देखिएको छ । विपद् व्यवस्थापन कार्यमा पनि वैदेशिक सहायताले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

नेपाल भूकम्प, बाढी, पहिरो लगायत प्राकृतिक प्रकोपको उच्च जोखिममा पर्दछ । दाताहरूले विपद् पूर्वतयारी, प्रारम्भिक चेतावनी प्रणाली, खोज तथा उद्धार कार्य र विपद्पछिको पुन:स्थापना प्रयासका लागि सहयोग प्रदान गरेका छन् ।

वैदेशिक सहायताले राष्ट्र निर्माणमा महत्वपूर्ण परिवर्तन ल्याएको भए पनि यसले केही चुनौती पनि खडा गरेको छ । अर्थतन्त्रमा सहायता निर्भरता ठूलो चिन्ताको विषय हो, किनकि बाह्य सहायतामा उच्च निर्भरताले घरेलु स्रोत परिचालन प्रयासलाई कमजोर पार्न र निर्भरताको चक्रलाई जटिल बनाइदिन सक्दछ । भ्रष्टाचार र व्यवस्थापकीय कमजोरीले सहायताको प्रभावकारितामा बाधा पुऱ्याउन सक्छ र विकास परिणामहरूमा यसको नकारात्मक प्रभाव पर्दछ । यसबाट राष्ट्रिय विकासका कार्यक्रमहरूमा वैदेशिक सहायतामा निर्भरता, भूराजनीतिक समन्वयका मुद्दाहरू, भ्रष्टाचार र सांस्कृतिक सान्दर्भिकता सुनिश्चित गर्ने सम्बन्धमा निरन्तर चुनौती थपिँदै छन् ।

पछिल्लो समय नेपालको वैदेशिक सहायता पोर्टफोलियोमा अनुदानलाई उछिनेर ऋणको प्रचलन बढेको छ । आन्तरिक तथा वैदेशिक ऋण प्रवृत्तिले नेपालको बढ्दो ऋणको बारेमा केही चिन्ता खडा गरेको छ । नेपालको अर्थतन्त्रमा आएको सुधार र सहुलियतपूर्ण शर्तमा ऋण उपलब्ध गराउने दाताहरूको सहायता नीति लगायत धेरै कारणले गर्दा यस्तो भएको हो ।

नेपालको चुक्ता गर्न बाँकी आन्तरिक ऋण बाह्य ऋणको तुलनामा कम भए पनि सरकारले गत आर्थिक वर्षहरूमा बाह्य ऋणको तुलनामा स्वदेशी ऋण तिर्न बढी रकम खर्च गर्ने गरेको छ ।

नेपाल सरकारले चालु आर्थिक वर्ष २०२२/२३ मा चैत मसान्तसम्म १ खर्ब ३८ अर्ब ५० करोड रुपैयाँ भन्दा बढीको वैदेशिक सहायताको प्रतिबद्धता प्राप्त गरेको छ । अर्थ मन्त्रालयका अनुसार पछिल्लो आठ महिनामा नेपालले विभिन्न द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरूबाट रु.२४ अर्ब ५६ करोड बराबरको अनुदान र रु.१ खर्ब १४ अर्ब वैदेशिक ऋणको प्रतिबद्धता प्राप्त गरेको छ ।

सरकारले वार्षिक बजेट मार्फत आठ महिनामा रु.२ खर्ब ४२ अर्ब २६ करोड वैदेशिक ऋण र रु.४४ अर्ब ४६ करोड वैदेशिक अनुदान प्राप्त गर्ने लक्ष्य राखेको थियो । लक्ष्यको तुलनामा वैदेशिक ऋण र अनुदानको प्रतिबद्धता क्रमश: ४७ र ४४.२८ प्रतिशत रहेको छ सरकारले आगामी आ.व.का लागि वैदेशिक सहायतातर्फ ३८ अर्ब ४६ करोड रुपैयाँ अनुदान र ऋण १ खर्ब ७० अर्ब ५४ करोड परिचालित हुने संशोधित अनुमान सार्वजनिक गरेको छ । वैदेशिक सहायताले कुल गार्हस्थ्य उत्पादनको लगभग २० प्रतिशत हिस्सा ओगटेको छ ।

विश्व बैंक र एसियाली विकास बैंक जस्ता प्रमुख विकास साझेदारहरूबाट लिएको वैदेशिक ऋणको ब्याजदर वार्षिक एक प्रतिशतभन्दा कम भए पनि बैंकिङ क्षेत्रमा तरलता अवस्थाका आधारमा स्वदेशी ऋणको ब्याजदर उच्च र निरन्तर उतारचढाव हुने गरेको छ । वैदेशिक ऋणसँग सम्बन्धित दुई प्रमुख जोखिमको रूपमा ब्याजदर र विदेशी विनिमय दर भए पनि नेपालले अहिलेसम्म सहुलियत दरमा सहयोग लिँदै आएकोले ब्याजदर जोखिम न्यून रहेको छ ।

वैदेशिक ऋणमा अनुदानको अंश समेत रहने र सबैजसो ऋण सहुलियत दरमा उपलब्ध हुने भएता पनि वैदेशिक ऋणको भार बजेटमा निरन्तर रूपमा बढ्दो छ । यसैले नेपालले यस्तो ऋणको उपयोगमा बढी छनोटपूर्ण र उत्पादनशील हुनु आवश्यक छ । वैदेशिक ऋणको वृद्धिले सम्भावित रूपमा वित्तीय अस्थिरता र आर्थिक संकट निम्त्याउँछ । नियमित ब्याज भुक्तानी र सावाँ चुक्ता गर्न राष्ट्रिय बजेटको महत्त्वपूर्ण भाग चाहिन्छ । यसले स्वास्थ्य सेवा, शिक्षा र पूर्वाधार विकास जस्ता अत्यावश्यक सार्वजनिक सेवाहरूको लागि कोषको उपलब्धतालाई सीमित गर्छ ।

यदि ऋण दाताको मुद्राको तुलनामा नेपालको मुद्रा अवमूल्यन भयो भने ऋणको बोझ झनै बढ्न जान्छ, जसले भुक्तानीलाई महँगो बनाउँछ । बजेट घाटा वा विकास परियोजनाहरू पूरा गर्न वैदेशिक ऋणमा धेरै निर्भर रहँदा आन्तरिक स्रोत परिचालनमा बाधा पुऱ्याउन सक्छ र आर्थिक परनिर्भरतालाई प्रोत्साहन गर्दछ ।

नेपालको विकासका लागि वैदेशिक सहायताको प्रवाहमा प्रशस्त वृद्धि भएतापनि यसबाट देशले उच्चतम फाइदा लिन सकिरहेको छैन । वैदेशिक सहायताबाट प्राप्त परिणाम र तिनको सुधारको सम्भावना बीच अझै ठूलो भिन्नता रहेको छ । यसका धेरै कारण छन् ।

विगतको लगानीबाट सिर्जना भएका आर्थिक वृद्धिको गति अझै कमजोर रहेको छ । समग्र आर्थिक स्थायित्वका आधारभूत पक्षहरू अझै अस्थिर देखिन्छ । सहायता सदुपयोग गर्ने क्षमता उल्लेख्य रूपले बढ्न सकेको छैन । सहयोगको उचित परिचालन गर्न सक्ने संस्थागत क्षमता कमजोर रहेको छ । विकासका आवश्यकतालाई प्राथमिकीकरण गरी वैदेशिक सहायतासँग आबद्ध गर्न सकेको छैन । देशमा विगत पाँच दशकदेखिको निरन्तर प्रयास र बढ्दो वित्तीय तथा प्राविधिक सहायताको प्रवाहका बावजुद यस्तो स्थिति अझै रहिरहनु ज्यादै दु:खलाग्दो कुरा हो ।

खासगरी दाता पक्षद्वारा खर्च व्यहोरिने विकास आयोजना कार्यक्रमहरूमा नेपाल सरकारको तर्फबाट गरिएका प्रतिबद्धता अनुरूप कार्यान्वयन गरिएका छैनन् । खर्चको प्राथमिकीकरण र आयोजना कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने विषयमा नेपाली पक्षबाट निर्देशन र नेतृत्वको कमी देखिन्छ । केन्द्रीकृत बजेट र योजना प्रणाली विद्यमान रहेको कारणले कार्यक्रम तर्जुमा र कार्यान्वयनमा स्थानीय संस्था, सामुदायिक समूह जस्ता सरोकारवालाहरूको ज्यादै कम सहभागिता रहने गरेको छ ।

विकास कार्यक्रमहरूमा राजनीतिक दबाब पर्ने गरेको छ । हामीसँग कमजोर संस्थागत क्षमता छ । खासगरी निजामती सेवाको कार्यसम्पादन स्तर कमजोर छ । कार्यक्रमहरूको अनुगमन र मूल्यांकन कमजोर हुँदा उत्तरदायित्व र पारदर्शितामा कमी र वित्तीय साधनको चुहावट र दुरूपयोग हुने गरेको समस्या विद्यमान रहेका छन् ।

नेपालको आवश्यकता सम्बन्धमा प्रत्येक दातृ संस्थाको आफ्नै नीति, प्राथमिकता र धारणा हुन्छन् जुन नेपालको सन्दर्भमा अमिल्दा मात्र हुँदैनन्, एकअर्कामा विरोधाभासपूर्ण पनि हुन सक्छन् । वैदेशिक सहायता सधैं प्राथमिकता प्राप्त क्षेत्रमा मात्र प्रवाहित नहुनाले अति महत्वपूर्ण क्षेत्रहरूमा स्रोतको अभाव हुने गरेको छ । सरकारले निर्धारण गरेका विकासका प्राथमिकता र दाता राष्ट्र तथा संस्थाहरूले निर्धारण गरेको प्राथमिकताहरू बीच तालमेल नमिलेको कारण पनि कतिपय आयोजना माथि औचित्य स्थापित हुनसकिरहेको छैन ।

परिणामत: वैदेशिक सहायताको प्रभावकारितामा ह्रास आएको छ । यसको समाधानको लागि स्थानीय सरोकारवालाहरूसँग परामर्श समेत गरी राष्ट्रिय प्राथमिकताहरू निर्धारण गर्ने र तदनुरूप विकास आयोजनाहरूको छनोट स्थानीय आवश्यकता, मूल्य, मान्यता र क्षमता लगायत प्राप्त हुने वैदेशिक सहयोग व्यवस्थापन योग्य र सम्भाव्य छ-छैन भन्ने विषयमा ध्यान दिँदै सरकारले आफ्नै नेतृत्वमा विकासलाई गति दिनुपर्दछ । यसका लागि दातृपक्षले आफ्ना प्राथमिकताहरूमा सुधार गरी नेपालको प्राथमिकताहरूसँग तिनको तालमेल गराउनु आवश्यक छ ।

वैदेशिक सहायतासँग गाँसिएर आउने शर्तहरू दातृ संस्था, आयोजना र कार्यक्रम पिच्छे फरक-फरक हुने गरेका छन् । वैदेशिक सहायतासँगै शर्तहरू गाँसी पालना गर्न बाध्य बनाउने प्रचलनले गर्दा उपलब्ध वैदेशिक स्रोतको उच्चतम प्रयोग गर्न कठिनाइ पर्ने गरेको छ । यसैगरी, यस्तो परिपाटीले उपयुक्त र कम खर्चिलो सामग्री, समय र प्रविधिको प्रयोग गर्नमा समेत अवरोध उत्पन्न भएको छ । कतिपय आयोजनामा राखिएका देशको वास्तविक अवस्था र आवश्यकतासँग मेल नखाने विभिन्न नीति र प्रक्रियागत शर्तहरूको कारण आयोजनाहरूबाट अपेक्षित उपलब्धि हासिल नभएको मात्र होइन, आयोजनाले लक्षित गरेको भन्दा प्रतिकूल प्रतिफल प्राप्त भएको समेत देखिन्छ ।

नेपालमा विभिन्न गैरसरकारी संस्थाहरू मार्फत पनि ठूलो परिमाणमा वैदेशिक सहायता प्रवाह हुने गरेको छ । त्यस्ता संस्थाहरूको योगदान महत्वपूर्ण रहेतापनि कतिपय संस्थाहरूले मुलुकको विकासका प्राथमिकता बारे ध्यान नदिई तथा आयोजनाको अति महत्वपूर्ण पक्ष दिगोपनलाई समेत बेवास्ता गरी आफ्नै प्राथमिकता र प्रक्रिया अनुरूप गतिविधि संचालन गर्ने गरेका छन् ।

यी संस्थाहरूले न त राष्ट्रिय प्राथमिकता अनुरूप साधनको प्रयोग गरेका छन् न साधनको प्रयोग गर्दा स्रोतको किसिम, प्राप्त रकम आदिका बारेमा पारदर्शिता नै कायम गरेका छन् । यी संस्थाहरूका गतिविधिलाई राष्ट्रिय प्राथमिकतासँग मेल खाने गरी संचालन गर्न लगाउन एवं साधनको समुचित उपयोग र तिनीहरूको कामकारबाहीमा पारदर्शिता समेतको सुनिश्चितता गर्न त्यस्ता संस्थाहरू मार्फत प्रवाह हुने सहायताको प्रतिवेदन लिने र अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था प्रभावकारी बनाउनु आवश्यक छ ।

यसैगरी नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक सहायता राशि सम्पूर्ण रूपमा बजेटमा समावेश हुनसकेको छैन । दातृपक्षले बेलाबखत नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा विभागहरूलाई जानकारी नै नदिई आयोजना विशेषको खातामा सोझै रकम जम्मा गर्ने गरेका छन् । परिणामत: सहायता सम्बन्धी अभिलेखलाई अद्यावधिक गर्न तथा स्रोत परिचालनमा पारदर्शिता र जवाफदेही कायम गर्न कठिनाइ पर्ने गरेको छ ।

यी चुनौतीका बावजुद पनि नेपालको विकासमा वैदेशिक सहायता महत्वपूर्ण कारक बनेको छ । यसले लाखौं नेपालीको जीवनमा सुधार ल्याउन मद्दत गरेको छ र भविष्यको विकास र समृद्धिको जग बसालेको छ । वैदेशिक सहायताले पूर्वाधार परियोजनाहरूलाई सम्पन्न गर्न, औद्योगीकरणलाई प्रवर्धन गर्न र कृषि, ऊर्जा र पर्यटन जस्ता क्षेत्रमा उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिलाई प्रोत्साहन गरेको छ । यसले रोजगारीका अवसर सृजना गर्न र जीवनस्तरमा सुधार गरी गरिबी न्यूनीकरणमा योगदान पुऱ्याएको छ ।

वैदेशिक सहायताले शिक्षा, स्वास्थ्य सेवा र सीप तालिममा लगानी गरेर मानव पूँजी विकासलाई सहज बनाउनुका साथै दक्ष जनशक्ति निर्माण गर्न र नेपाली सर्वसाधारणको जीवनस्तरमा सुधार ल्याउन प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । यसबाहेक भूकम्प, बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोपका प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्न पूर्वतयारी र पुन:स्थापना प्रयासहरूमा सहायताले विपद् प्रतिरोधी क्षमतामा महत्त्वपूर्ण भूमिका खेल्नुका साथै नेपालको कूटनीतिक सम्बन्धलाई बलियो बनाउन र साझेदारी, ज्ञान आदानप्रदान, प्रविधि हस्तान्तरण र व्यापार एकीकरण मार्फत क्षेत्रीय सहयोगलाई बढावा दिएको छ ।

वैदेशिक सहायताको कारण उत्पन्न चुनौतीलाई सम्बोधन गर्न एक स्पष्ट दृष्टिकोण चाहिन्छ, जसमा विवेकपूर्ण वित्तीय व्यवस्थापन, राजस्व उत्पादन वृद्धि गर्ने प्रयास, लगानीको वातावरणमा सुधारहरू र आर्थिक वृद्धिलाई उत्प्रेरित गर्न संरचनात्मक सुधारहरूको कार्यान्वयन र आर्थिक परनिर्भरतामा कमी गर्ने रणनीतिका साथै वैदेशिक ऋणको बोझ कम गर्न र दीर्घकालीन आर्थिक स्थायित्व सुनिश्चित गर्न ऋणको पुनर्संरचना लगायत दिगो ऋण व्यवस्थापन रणनीतिहरू पनि तयार गर्नु अपरिहार्य देखिन्छ । यसैगरी नेपालले ठोस वित्तीय नीतिहरू लागू गर्न, राजस्व उत्पादनमा ध्यान केन्द्रित गर्न, वैदेशिक ऋणको होसियारीपूर्वक अनुगमन र व्यवस्थापन गर्न ठोस कदम चाल्नुपर्दछ ।

नेपालमा वैदेशिक सहायताको आवश्यकता आगामी वर्षहरूको लागि पनि उत्तिकै महत्वपूर्ण रहेको छ । एकातर्फ नेपालले अझै पनि गरिबी, असमानता र जलवायु परिवर्तन जस्ता धेरै समस्याको सामना गरिरहनु परेको छ, जसलाई सम्बोधन गर्न आवश्यक छ । अर्कोतर्फ, वैदेशिक सहायताको उपलब्धता भविष्यमा बढ्नुको सट्टा घट्ने सम्भावना देखिँदैछ । विश्वव्यापी आर्थिक मन्दीले विकासोन्मुख देशहरूलाई सहायता प्रवाहमा कमी आएको छ । केही दातृराष्ट्रहरू आफैं द्वन्द्वको चपेटामा परेका छन् वा प्राकृतिक प्रकोपको सामना गरिरहेका छन् ।

यस परिस्थितिमा नेपालले वैदेशिक सहायता प्राप्त गर्न केही सुधारात्मक प्रयासहरू अवश्य नै गर्नुपर्नेछ । पहिलो, यसले प्रभावकारी रूपमा सहायता व्यवस्थापन गर्न आफ्नो संस्थागत क्षमतामा सुधार गर्नुपर्दछ । दोस्रो, गरिबी न्यूनीकरणमा स्पष्ट प्रभाव पार्ने परियोजनाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छ । र तेस्रो, नेपालको राष्ट्रिय प्राथमिकताहरूसँग मेल खाने गरी सहायताको प्रयोग सुनिश्चित गर्न दाताहरूसँग मिलेर काम गर्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# सरकार आफैंले असफल बनाउँदैछ स्वास्थ्य बीमा कार्यक्रम

काठमाडौं/सरकारले निजी अस्पताल तथा मेडिकल कलेजमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन नगर्ने भएको छ । प्रतिनिधिसभाबाट १३ असारमा पास भएको आर्थिक वर्ष २०८०/८१ को बजेटको बुँदा नं. २३८ मा 'सरकारी, सामुदायिक र सहकारी अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिने' उल्लेख छ ।



चालु आर्थिक वर्षको बजेट वक्तव्यमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले बीमा कार्यक्रमलाई सामुदायिक र सरकारी अस्पतालबाट मात्र सञ्चालन गर्ने र दिगो बनाउन बीमा कम्पनीमार्फत सञ्चालन गर्न आवश्यक तयारी गर्ने बताएका थिए । निजी कम्पनीलाई पोस्न खोजेको भन्दै विरोध भएपछि बीमा कम्पनीमार्फत सञ्चालन गर्ने तयारी अगाडि बढेन । तर सामुदायिक र सरकारी अस्पतालबाट मात्र सञ्चालन गर्ने भनिएका कारण १४ वटा निजी अस्पताल र मेडिकल कलेजमा स्वास्थ्य बीमा कार्यक्रम भने बन्द भयो ।

यो पटक अर्थमन्त्री डा. प्रकाशरण महतले पुनर्संरचनाको योजना ल्याउने भन्दै 'सरकारी, सामुदायिक र सहकारी अस्पतालमा मात्र स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने बताएका छन् । पुनर्संरचनाको योजना नल्याई निजीमा बन्द गर्ने घोषणाले स्वास्थ्य बीमा कार्यक्रमलाई नै धरासायी बनाउने स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य बीमा बोर्डकै अधिकारीहरु बताउँछन् ।

**अर्थको तर्क**

बीमा बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलाका अनुसार बजेटमा स्वास्थ्य बीमा कार्यक्रम निजी तथा मेडिकल कलेजबाट सञ्चालन नगर्ने प्रस्ताव गर्नुअघि बोर्डसँग कुनै छलफल भएको थिएन । मन्त्रालयका अधिकारीहरु पनि बजेट वक्तव्यको यो बुँदाबारे आफूहरु पनि बेखबर रहेको बताउँछन् ।

अर्थ मन्त्रालयका अधिकारीहरु भने स्वास्थ्य बीमा गरेका व्यक्तिको उपचारका क्रममा निजी अस्पताल तथा मेडिकल कलेजले फर्जी बिल पेश गर्ने गरेको तथा बिमितको सुविधा थैली सक्ने हिसाबले मनपरी स्वास्थ्य परीक्षणमा गरेकाले सरकारी र सामुदायिक अस्पतालले मात्र बीमा सेवा दिने निर्णय गर्नुपरेको बताउँछन् । 'बीमा कार्यक्रममा बढी दुरूपयोग गरेका कारण निजी तथा मेडिकल कलेजबाट सेवा सञ्चालन नगर्ने निर्णय गरेको हो,' मन्त्रालयका प्रवक्ता धनिराम शर्माले भने, 'निजी स्वास्थ्य संस्थालाई नदिन खोजेकै हो ।'

अहिलेको मोडलबाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दा सरकारलाई भार मात्र परिरहेको उनको भनाइ छ । 'अहिले सञ्चालन भइरहेको मोडल बीमाको उद्देश्य भन्दा फरक खालको छ । समग्रमा हेर्दा बीमाको प्याकेज पनि खर्चिलो छ,' शर्माले भने, 'बीमाले कभरेज बढाउन नसक्दा सरकारले कति समयसम्म भार थेग्न सक्ने भन्ने प्रश्न उठिरहेको छ ।'

अब स्वास्थ्य बीमा कार्यक्रमको दिगोपना दिनका लागि पुनर्संरचना गर्ने योजना रहेको उनले सुनाए ।

विज्ञहरू भने पुनर्संरचनाको योजना नबनाई निजी र मेडिकल कलेजमा सेवा बन्द गर्दा थप समस्या सिर्जना गरेको बताउँछन् । 'स्वास्थ्य बीमा कार्यक्रममा भएका कमजोरीलाई पहिचान गरेर त्यसको समस्याको समाधान तर्फ सरकार लाग्नुपर्थ्यो' स्वास्थ्य सेवा विज्ञ डा. किरणराज पाण्डे भन्छन्, 'सरकारले एउटा समस्या समाधान गर्छु भन्दा अर्को ठूलो समस्या ल्याएको छ । निजी क्षेत्रबाट स्वास्थ्य सेवा खरिद नगरी बीमालाई दिगोपना गर्न सकिँदैन ।'

**ठूला अस्पतालमा धमाधम बन्द भए सेवा**

स्वास्थ्य बीमा ऐन-२०७४ अनुसार बीमा बापतको सेवा लिन पहिलो चरणमा अनिवार्य सरकारी अस्पताल वा स्वास्थ्य संस्था जानुपर्छ । त्यहाँ उपचार हुन नसकेमा रेफर गरेको विशिष्टीकृत सेवा भएको र बीमाको कार्यक्रम सञ्चालन गरेको निजी अस्पताल वा मेडिकल कलेजबाट पनि सेवा लिने व्यवस्था छ ।

ऐनले सेवाप्रदायक संस्थामा निजीस्तरबाट सञ्चालित अस्पताल र शिक्षण अस्पताल मात्र होइन, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिकलाई समेत समेटेको छ । बीमा बोर्डको तथ्यांक अनुसार स्वास्थ्य बीमाका लागि मुलुकभर ४६४ वटा स्वास्थ्य संस्था सूचीकृत छन्, जसमध्ये ५२ निजी स्वास्थ्य संस्था थिए र बीमा कार्यक्रममा उनीहरुको योगदान ३० प्रतिशत हाराहारी थियो ।

तर सरकारले बजेट वक्तव्य मार्फत निजी र मेडिकल कलेजबाट सेवा सञ्चालन गर्नमा रोक लगाएसँगै निजी अस्पतालहरुले स्वास्थ्य बीमा कार्यक्रमबाट हात झिकेका छन् ।

बीएण्डसी टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर (बिर्तामोड), लाइफ लाइन अस्पताल (झापा), मेची नेत्रालय (झापा), नोबेल मेडिकल कलेज (विराटनगर), विराट मेडिकल कलेज एण्ड रिसर्च सेन्टर (विराटनगर), चितवन मेडिकल कलेज (भरतपुर), नेशनल मेडिकल कलेज (वीरगञ्ज), शुभस्वस्तिक अस्पताल (बर्दिवास) र नेपाल आँखा प्रतिष्ठान (भैरहवा)ले सेवा बन्द गरिसकेका छन् ।

राप्ती आँखा अस्पताल (दाङ), नेपालगञ्ज मेडिकल कलेज (बाँके), फत्तेवाल आँखा अस्पताल (बाँके), फुलकुमारी मेमोरियल हस्पिटल (सिरहा) र सगरमाथा चौधरी आँखा अस्पताल (सिरहा) ले बीमा कार्यक्रममा सेवा बन्द गरेका छन् । यसबाट बिमित नागरिकलाई सरकारी अस्पतालमै पुग्नुपर्ने, नभए बीमा सेवाबाट वञ्चित हुनुपर्ने अवस्था त बनेको छ नै, स्वास्थ्य बीमा कार्यक्रम नै अलपत्र पर्ने जोखिम बढेको छ । यसले सामाजिक सुरक्षाका कार्यक्रमलाई क्रमश: स्वास्थ्य बीमाको दायरामा लैजाने सरकारको नीति कार्यान्वयनमा समेत चुनौती थपिनेछ ।

सरकारको निर्णयले सरकारी संस्था नजिक नरहेका बिमित सेवाग्राहीलाई थप मार पर्ने देखिन्छ ।

अहिले पनि बिमितले औषधि तथा समयमा स्वास्थ्य सेवा नपाइने, सेवा प्राप्त गर्न लामो समय लाइन कुर्न बाध्य हुनुपर्ने, बीमा गरेका र बीमा नगरेका बिरामीको सेवामा विभेद हुने, अस्पतालमा धेरैजसो औषधि नपाइँदा निजी फार्मेसीबाट किन्नुपर्ने जस्ता समस्या भोग्नु परेको बीमाकर्ताको गुनासो छ । दुर्गम भेगमा स्वास्थ्य बीमाको सेवा लिन तोकिएका स्वास्थ्य संस्था निकै टाढा हुँदा पनि सर्वसाधारणले लाभ लिन सकेका छैनन् ।

स्वास्थ्य उपचारमा सहज पहुँचका लागि सञ्चालित कार्यक्रममै असुविधा र असहज भएपछि बीमा नवीकरण नगराउने प्रवृत्ति गएको छ ।

यसलाई सम्बोधन गर्न स्वास्थ्य क्षेत्रको सम्पूर्ण कार्यक्रमलाई बीमामा जोड्ने र सबै नागरिकलाई अनिवार्य रुपमा बीमामा समेट्ने गरी अघि बढ्नुपर्ने जानकारहरु बताउँछन् । यसका लागि बनेको एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड र त्यसका आधारमा ७ वर्षभित्र देशभर गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउने परियोजना अलपत्र छ । त्यसमाथि निजी स्वास्थ्य संस्थाबाट सेवा नै नदिने निर्णय गर्दा स्वास्थ्य बीमा कार्यक्रम थप धरासायी हुने देखिन्छ ।

जनस्वास्थ्यविद् डा. शरद वन्तका अनुसार सम्भव भएसम्म सरकारबाट सञ्चालित स्वास्थ्य संस्थाबाट सेवा दिनु राम्रो हो । तर सरकारी स्वास्थ्य संस्थाबाट सेवाको सुनिश्चितता गर्न नसक्ने र निजी क्षेत्रलाई पनि निषेध गर्दा स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारीतामै प्रश्न उठ्ने उनी बताउँछन् । 'राज्यले अनुगमन गर्नुपर्छ, कसैको कमजोरी देखिएमा कारबाही गर्नुपर्छ' डा. वन्त भन्छन्, 'सरकारी संयन्त्रले अनुगमन बलियो नबनाउने, अनि कमजोरी देखियो भने निजीमार्फत सेवा दिन्न भन्नु सरकारको निकम्मापना हो ।'

बीमा बोर्डका पूर्वअध्यक्ष डा. सेनेन्द्रराज उप्रेती पनि लहडबाजीमा लागेर निजी अस्पतालबाट सेवा बन्द गर्न नहुने तर्क राख्छन् । 'कुनै संस्थाले बदमासी गरेको पुष्टि भएमा कारबाही गर्नुपर्छ । तर सबै निजी तथा मेडिकल कलेजलाई बन्द गर्दा यसबाट थप मर्कामा बिमित नै पर्छन्,' डा. उप्रेती भन्छन् ।

**बोर्ड भन्छ- बदमासी सबैतिर छ**

बीमा बोर्डका निर्देशक दामोदर बसौलाका अनुसार बजेट वक्तव्य पनि ऐन सरह हुने भएकाले अब निजी अस्पताल तथा मेडिकल कलेजबाट सेवा दिन सकिँदैन । तर यसले बीमा कार्यक्रमकै प्रभावकारीतामा असर पर्ने उनी बताउँछन् । 'सरकारले गरेको निर्णयलाई बोर्डले कार्यान्वयन गर्नुपर्छ' उनले भने, 'तर हाम्रो सबै स्वास्थ्य क्षेत्र पर्याप्त रूपमा सेवा प्रदान गर्न सक्षम छैनन् । यस्तो अवस्थामा निजी क्षेत्रलाई पनि हटाउँदा बीमा कार्यक्रमको प्रभाव झन् खस्किँदै जान्छ ।'

निजी क्षेत्रलाई हटाउनु समाधान नभएको भन्दै बीमा बोर्डका निर्देशक बसौलाले भने 'निजी मात्रै होइन, गल्ती र बदमासी सरकारी क्षेत्रबाट पनि भएका छन् । त्यसलाई रोक्न हामीले बलियो मोनिटरिङ प्रणाली बनाउनुपर्छ ।'

बोर्डका अनुसार २०० भन्दा बढी निजी स्वास्थ्य संस्थाले सम्झौताका लागि निवेदन दिएका छन् । अहिले सेवा दिइरहेका ४ वटा निजी अस्पतालको सम्झौता आगामी साउनमा सकिँदैछ । 'सम्झौता अवधि भएका स्वास्थ्य संस्थाले सेवा दिन सक्छन् । तर नयाँ सम्झौता वा नवीकरण गर्ने काम बोर्डले बन्द गरेको छ,' बसौलाले भने ।


स्वास्थ्य संस्थाले कार्यक्रम नै बन्द गरेपछि सेवा नपाएका गुनासो आउने क्रम पनि बढेको छ । 'बोर्डले बजेट वक्तव्यमा आएको विषयलाई छलफल गरेर थप स्पष्ट गर्नका लागि स्वास्थ्य, अर्थ तथा स्वास्थ्य समितिलाई पत्र लेखेको छ,' बसौला भन्छन्, 'हामीले केही गर्न सक्दैनौं, मन्त्रालयले जे निर्णय गर्छ, त्यही हुन्छ ।'

स्वास्थ्यमन्त्री मोहन बहादुर बस्नेत यस विषयमा थप छलफल गर्न आवश्यक रहेको बताउँछन् । उनले भने, 'सरकारले बजेट मार्फत आएको विषयलाई त्यही ढंगले लिनुपर्ने एउटा पक्ष छ । समन्वय गरेर जानसक्ने अवस्था भएकाले सबै क्षेत्रको कुरा सुनेर बसेको छु । यो विषय छलफलको क्रममा छ ।'

*(स्रोत: अनलाइनखबर)*

# बोर्डको बजेट झन्डै १८ करोड, यसबाटै फिल्म सिटी र स्टुडियो बनाइने

काठमाडौं/नेपाल सरकार अन्तर्गत नेपाली फिल्म क्षेत्रको सर्वोच्च निकाय चलचित्र विकास बोर्डले आर्थिक वर्ष २०८०/८१ को बजेट सार्वजनिक गरेको छ । शनिबार बोर्डको २३औं वार्षिकोत्सवमा बोर्डका सदस्य सचिव विशाल सापकोटाले १७ करोड ९५ लाख ४० हजारको बजेट प्रस्तुत गर्दै भावि कार्यक्रम तथा योजनाबारे जानकारी गराए । उक्त बजेटमा नेपाल सरकार बाट ४ करोड ४५ लाख प्राप्त छ ।



सदस्य सचिव सापकोटाले भने, 'आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारबाट ४ करोड ४५ लाख र बोर्डको आन्तरिक स्रोतबाट १३ करोड ५० लाख ४० हजार गरी १७ करोड ९५ लाख ४० हजार बजेट विनियोजन भएको छ । यो बोर्डबाट पारित गरेर स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको छ ।' बोर्डको बजेट दोलखामा फिल्म सिटी र बनेपामा स्टुडियो निर्माणका लागि पनि खर्च गरिनेछ ।

सापकोटाले प्रस्तुत गरेको बजेटमा भनिएको छ, 'दोलखा फिल्म सिटीलाई सरकारी-निजी साझेदारी प्रक्रियामार्फत निर्माण गरिनेछ र काभ्रेको बनेपामा सुविधा सम्पन्न स्टुडियो निर्माण गरिनेछ ।' तर, फिल्म सिटी र स्टुडियो निर्माणका लागि बोर्डको बजेट हात्तिको मुखमा जिरा जस्तै हुने देखिन्छ । बोर्डको झन्डै १८ करोडबाट फिल्म सिटी र स्टुडियोका लागि १/२ करोड पनि भाग पुग्ने देखिन्न ।

बोर्डको बजेटको ठूलो हिस्सा कर्मचारीको तलब-भत्तामा सकिन्छ । अवार्ड तथा महोत्सव गर्नेहरुलाई पनि बोर्डले मोटो पैसा बाँड्छ । बोर्ड आफैंले पनि विभिन्न कार्यशाला तथा महोत्सव आयोजना गर्नुपर्ने हुन्छ । यसबाट उब्रिएको र कम मात्र फिल्म सिटी र स्टुडियो निर्माणलाई छुटिने हो । त्यो रकम फिल्म सिटी र स्टुडियोसम्म पुग्दा एउटा ट्वाइलेट बनाउन समेत नपुग्ने फिल्मकर्मीहरु बताउँछन् ।

बोर्डले देशभरका हलहरुलाई केन्द्रीय व्यवस्थापन प्रणालीमा आबद्ध गराइ बक्स अफिस प्रणाली कार्यान्वयन गर्ने, ऐतिहासिक तथा वृतचित्र निर्माणलाई प्रवर्द्धन तथा प्रोत्साहन गर्ने, नेपाली बाहुल्यता रहेको एक देशमा 'नेपाल सिनेमा मिट' आयोजना गर्ने, विदेशमा प्रदर्शन हुने नेपाली फिल्मलाई सबटाइटल र इन्कोडिङका लागि आर्थिक सहयोग गर्ने लगायतका योजनाहरु अगाडि सारेको छ ।

# दशैंमा विवाह गर्दै पूजा

साझाकुरा संवाददाता

काठमाडौं/अभिनेत्री पूजा शर्मा यस वर्ष विवाह बन्धनमा बाँधिने भएकी छन् । आगामी विजयादशमीमा उनले प्रेमी युद्ध बानियाँसँग लगनगाँठो कस्ने योजना बनाएकी छन् । उनी स्वयंले दशैंमा विवाह गर्न लागेको जानकारी दिइन् । उनका अनुसार, दशैंकै दिन विवाहको तयारी भैरहेको छ । यसपटक आगामी कात्तिक ७ गते दशैं परेको छ । यही मितिमा प्रेमी युद्धसँग उनले विवाह गर्न लागेकी हुन् ।



उनले भनिन्, 'दशैंमा विवाहको तयारी भैरहेको छ । यसपालि दशैंको टीकामा राम्रो भएकाले विवाह गर्न लागेका हौं ।' विवाहअघि उनले प्रेमी बानियाँसँग मिलेर काठमाडौंको झम्सिखेलमा होटल सञ्चालन गर्दैछिन् । होटलको कन्स्ट्रक्सनको काम अन्तिम चरणमा पुगेको छ । अहिले पूजा फिल्म 'दान्भी'को छायांकनमा व्यस्त छिन् । उनको पाइपलाइनमा अभिनेत्री रेखा थापाको फिल्म पनि छ ।

पूजा र युद्ध करिब ३ वर्षदेखि प्रेम सम्बन्धमा छन् । आनो फिल्म 'म यस्तो गीत गाउँछु २' रिलिजको समयमा पूजाले युद्धसँगको प्रेम सम्बन्ध खुलेर व्यक्त गरेकी थिइन् । त्यसपछि उनीहरु सार्वजनिक कार्यक्रमहरुमा समेत एकसाथ पुग्ने गरेका छन् । पूजा र युद्धको एक पारिवारिक सदस्यको माध्यमबाट चिनजान भएको हो । युद्धले औंठी लगाइदिएर पूजालाई प्रेम प्रस्ताव राखेका थिए ।

गत वर्ष युद्धको जन्मदिनमा पूजाले आफूलाई भगवानले दिएको सबैभन्दा राम्रो उपहार भनेर उल्लेख गरेकी थिइन् । उनले लेखेकी थिइन्, 'तिमी मेरो सबैभन्दा राम्रो उपहार हौं, जुन भगवानले मलाई दिनुभएको छ । म तिमीलाई सधैंभरि माया गर्छु । तिमी मेरो जीवनमा तब आयौं जब म टुटेकी थिएँ । तिमी मेरो मुहारको मुस्कान, मेरो आँखामा हाँसो र मेरो जिन्दगीको खुशीको कारण हौं ।'

# स्टोरी बैंक अन्तर्गत 'काँडेतार'लाई बोर्डको दश लाख

काठमाडौं/मौलिक फिल्म निर्माणमा सहयोग गर्ने हेतुले चलचित्र विकास बोर्डले स्थापना गरेको 'स्टोरी बैंक' अन्तर्गत नवल खड्का अभिनीत तथा निर्देशित फिल्म 'काँडेतार'लाई दश लाख प्रदान गरिएको छ ।

शनिबार बोर्डको २३औं वार्षिकोत्सवको अवसरमा सूचना तथा सञ्चार प्रविधि मन्त्री रेखा शर्मा र बोर्ड अध्यक्ष भुवन केसीले संयुक्त रुपमा निर्देशक खड्कालाई १० लाखको चेक हस्तान्तरण गरे ।

'काँडेतार'ले आर्थिक सहयोग प्राप्त गरेपछि नवलले खुसी व्यक्त गर्दै भने- 'देशभक्ति र राष्ट्रवादी भावनामा निर्मित फिल्मलाई नेपाल सरकारले यसरी सहयोग गर्नु सबै देशभक्त अभियन्ता तथा नागरिकहरुको सम्मान साथै स्वदेशी फिल्मको प्रवर्द्धन भएको महसुस गरेको छु ।'

'स्टोरी बैंक'मा प्राप्त कथा तथा पटकथामध्ये 'काँडेतार'को कथालाई सर्वोत्कृष्ट छनोट गरेर सहयोग प्रदान गरिएको हो ।

२०७७ सालमा बोर्डले यथार्थपरक, कलात्मक फिल्म निर्माणका लागि प्रोत्साहन गर्न 'स्टोरी बैंक' स्थापना गरेको थियो । बोर्डको यो योजनालाई सरकारले आफ्नो बजेटमा समेत समावेश गर्दै आएको छ ।

बोर्डको वार्षिकोत्सवमा कथानक तथा लघु फिल्मका लेखकहरुलाई पनि प्रोत्साहन स्वरुप नगद पुरस्कार प्रदान गरियो । त्यस्तै, बोर्डका ३ जना कर्मचारीलाई पनि पुरस्कृत गरिएको छ ।

# विदेशबाट आउँदा ब्यागेज हरायो ? कहाँ गर्ने उजुरी ?

काठमाडौं/शनिबार स्याङ्जाका छविलाल भण्डारीले फेसबुकमा लेखेको एक स्टाटसले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय, भन्सार कार्यालय, नेपाल एयरलाइन्स र नेपाल प्रहरीलाई समेत एक साथ सचेत गरायो । जसमा २ वटा मोवाइल नेपाल ल्याए वापत ४४ हजार ७३४ कर लिएको र २५ प्रतिशत लगेज हराएको उल्लेख थियो । आइतबार बिहान ती यात्रुले लेखेको स्टाटसलाई लिएर संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती समेत भावुक बने । उनको नामको ट्वीटर ह्याण्डिलबाट लेखिएको छ, 'यो घटनाले दु:खित भए, परदेशमा दु:ख गरेर घर फर्कंदा यस्ता कुसंस्कार अझै कतै भोग्नु पर्ने ?' उनले ट्वीटमा घटना न्यूनिकरणका लागि आवश्यक कदम निर्ममतापूर्वक कार्यान्वयनमा ल्याउने समेत उल्लेख गरेका छन् ।

तर, अनलाइनखबरले भण्डारीको स्टाटसबारे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयसँग बुझ्दा उनको साथमा ४ वटा मोबाइल रहेको र सरकारले दिएको सुविधामा आउने २ वटा फोनमा भन्सार छुट दिइएको थियो । अन्य २ वटा फोनमा भने कानुन बमोजिम भन्सार महसुल लागेको हो ।

साथमा भण्डारीले अर्को इस्यू पनि उठाएका छन्, 'त्यो हो ब्यागेज हराएको र सीसीटीभी हेर्न खोज्दा राम्रोसँग कुरा गर्न नदिएको ।' यस सन्दर्भमा नेपाल एयरलाइन्सले एक 'ध्यानाकर्षण' प्रकाशित गर्दै आफ्नो धारणा सार्वजनिक गरेको छ । जसमा भनिएको छ, 'ब्यागेज हराएको सम्बन्धमा नियमानुसार ब्यागेज क्लेम डेक्स तथा सम्बन्धित एयरलाइन्ससँग दाबी/रिपोर्ट नगरेको पाइएको छ ।'

भण्डारीले आफ्नो ब्यागेज हराएको विषय सम्बन्धित स्थानमा लिखित जानकारी नगराई सामाजिक सञ्जालमा लेखे । तर, यात्रुले आफ्नो ब्यागेज हराउँदा वा टुटफुट हुँदा सहजै तोकिएको स्थानमा उजुरी गरेमा छिटो समस्या समाधान गर्न सहज हुने नेपाल एयरलाइन्सका प्रवक्ता रमेश पौडेल बताउँछन् ।

**कहाँ गर्ने उजुरी (विमानस्थल भित्र) ?**

पौडेलका अनुसार अन्तर्राष्ट्रिय उडानबाट यात्रु आउने क्रममा आगमनतर्फ ब्यागेज क्लेम एरियामा देब्रेपट्टी एउटा डेस्क राखिएको छ । जसमा त्रिभुवन विमानस्थल सञ्चालनमा रहेको समयसम्म नेपाल एयरलाइन्सको कार्ड भिरेका कर्मचारी तैनाथ रहन्छन् ।

आफ्नो ब्यागेज लिएर भन्सारतर्फ अगाडि बढ्ने बाटैमा देखिने यो डेस्कमा गएर हरेक यात्रुले आफ्नो ब्यागेज हराएको सम्बन्धमा उजुरी गर्न सक्छन् । त्यसपछि प्रणाली भित्रबाटै यात्रुको ब्यागेजको खोजी सुरु हुन्छ । पौडेल भन्छन्, 'ब्यागेज मिसिङ हुने छिटपुट घटना संसारभर हुन्छ, तर उजुरी गर्‍यो भने प्रणालीबाटै खोजी कार्य सुरु हुन्छ ।'

**विमानस्थलबाट बाहिर आएपछि कहा गर्ने उजुरी ?**

त्रिभुवन विमानस्थलको अपरेशन विल्डिङ (पानीको फोहरा भएको स्थान अगाडि)भित्र पनि अर्को एक डेस्क सञ्चालनमा रहेको छ । प्रवक्ता पौडेलका अनुसार यो स्थानसम्म पुग्न यात्रुले कुनै पास पनि देखाउनु पर्दैन । सो स्थानमा समेत विमानस्थल सुचारु हुने समयसम्म डेस्कमा कर्मचारी बसेका हुन्छन् । यात्रुले अध्यागमन, ब्यागेज क्लेम र भन्सार पनि पास गरी बाहिर आएपछि आफ्नो सामान हराएको थाहा पाएमा पुन: ब्यागेज क्लेम एरियामा जान सम्भव: हुँदैन । यस्ता यात्रुले सोही अपरेशन बिल्डिङमा पुगेर आफ्नो ब्यागेज हराएको उजुरी दिन सक्छन् । विमानस्थल भित्र सुरक्षा प्रवन्धका कारण सीसीटीभी क्यामेरा जडान गरिएको छ । जसको कमाण्ड नेपाल प्रहरीसँग रहेको छ । सोहीकारण यात्रुले चाहेकै समयमा सीसीटीभी क्यामेरा देखाइँदैन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**"तपाई, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com



# भीमफेदीमा सार्वजनिक सुनुवाई

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ मकवानपुरको भीमफेदी गाउँपालिका ३ नम्बर वडाबासीले अध्यक्षलाई चुस्तदुरुस्त काम गर्न सुझाव दिएका छन् । कार्यालयले स्थानीय तहको निर्वाचनपछि पहिलोपटक सार्वजनिक सुनुवाइको आयोजना गरेको कार्यक्रममा सहभागीले यस्तो सुझाव दिएका हुन् । आर्थिक बर्ष २०७९/८० को वडामा भए गरेको कार्यक्रमको सार्वजनिक सुनुवाई गरेको हो ।




आश्रय नेपाल मकवानपुरको सहजीकरणमा सम्पन्न भएको कार्यक्रममा वडाबाट सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी सेवाग्राही नागरिकले उठाएका प्रश्नमा प्रस्टता ल्याउन र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्दै जिम्मेवार संस्कार बसाई आमनागरिकको चासो सरोकार तथा विकास निर्माण योजना र समस्याको समाधान गर्न सार्वजनिक सुनुवाई गरिएको हो ।

सेवाग्राहीका रुपमा आएका सर्वसाधारणप्रति सेवाप्रदायक निकायबाट भए गरेका क्रियाकलाप, उपभोक्ता समिति गठन प्रक्रिया, योजना सञ्चालन, पारदर्शिताको स्थानीय निकायमा सार्वजनिक सुनुवाइ कार्यविधि बमोजिम आम सर्वसाधारणहरुमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको वडासचिव निर्मला हुँमागाईले बताइन् ।

सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचारसंहिताको बारेमा संचारकर्मी रामकुमार दानीले जानकारी गराए । कार्यक्रममा विशेष गरी वडावासीले कृषि उत्पादन, कित्ताकाट, यातायात, खानेपानी तथा सरसफाई, वाटोघाटो, विद्युत, विद्यालय भवन निर्माण साथै सामाजिक विकास लगायतको समस्याको वारेमा समाधानको उपाय खोजेका थिए । कार्यक्रममा वडाको विविध समस्या तथा समाधानका उपाय बारेमा विचारविमर्श गरिएको थियो ।

सार्वजनिक सुनुवाइ कार्यक्रम सुरु गर्नुअघि संचारकर्मी रुपक कालिराजले नागरिक प्रतिवेदनपत्र र बहिर्गमन अभिमतको नतिजा प्रस्तुत गरेका थिए । धेरै उत्तर दाताले विकास निमार्णका कार्यहरु निरन्तर गर्ने गरेको, कर्मचारीमा मैत्रीपूर्ण व्यबहार रहेको, सेवाग्राहीको समस्या स्पष्ट पार्ने र प्रक्रिया अनुसार कार्य गरिने गरेको बहिर्गमन अभिमतले देखाएको परिणाम हो ।

त्यस्तै सहभागीले कार्यालय समयमा कर्मचारी उपस्थितिलाई नियमित गर्नुपर्ने, बिकट मानिएका क्षेत्रहरु विकास निमार्णलाई थप प्राथमिकतामा राख्नुपर्ने, विकास निर्माणसँगै सामाजिक विकासका कामममा ध्यान दिनुपर्ने, सेवा दिने कार्यालय आफ्नै हुनुपर्ने, सार्वजनिक सुनुवाई कार्यक्रम हरेक बर्ष आयोजना गर्नुपर्ने, चुस्तदुरुस्त सेवा प्रवाह गर्नुपर्ने लगायत सुझाव दिएका थिए ।

वडावासीलाई सुसूचित गराउँदै वडाअध्यक्ष प्रितिलाल लामाले कार्यक्रममा उठेका सवालमाथि जवाफ दिदैं समयमा नै मुस्कान सहितको सेवा दिने प्रतिबद्धता जनाए । वडाको विकासका लागि खेलमैदान निर्माण गर्ने, समृद्ध वडा निर्माण गर्ने, सडक संजाल निर्माण गर्ने, स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने कार्यमा आफूले ध्यान दिएको बताए ।

सार्वजनिक सुनुवाई कार्यक्रमले शुसासन कायम गर्नमा सहयोग पुगोस् भन्ने हेतुले आयोजना गरेको भन्दै वडाको विकास र सेवालाई सेवाग्राहीको हितमा गर्ने पक्षमा सबैको साथ र सहयोग आवश्यक रहेको बताए । वडाभित्र रहेका विभिन्न खाले समस्यालाई बाहिर ल्याएर समृद्ध वडा बनाउने अभियानमा टेवा पुऱ्याउन सबैमा आग्रह गरे । कार्यक्रममा वडाका जनप्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, वडावासी, संचारकर्मी लगायतको सहभागिता रहेको थियो ।

# विपक्षीको अवरोधपछि बागमती प्रदेशसभा बैठक स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ विपक्षी दल नेकपा एमाले र राप्रपाको अवरोधपछि बागमती प्रदेशसभाको आइतबार राखिएको बैठक स्थगित भएको छ ।



अपरान्ह ४ बजे सुरु भएको बैठकमा एमाले र राप्रपासहित दलका सांसदहरुले संसदमा नाराबाजी गरेपछि साढे ५ बजेका लागि बैठक स्थगित गरिएको थियो । सभामुख भुवनकुमार पाठकले साढे ५ बजेलाई बोलाएको बैठकका सम्बन्धमा सत्तापक्ष र विपक्षी दलहरुको सहमति हुन नसकेपछि बैठक आज सोमबार सम्मका लागि स्थगित गरिएको हो । सभामुख पाठककाअनुसार प्रदेशसभा बैठक आज बिहान ११ बजे बस्ने गरी स्थगित गरिएको हो । सभामुख पाठकले आज पनि सरकारको तर्फबाट प्रतिपक्षहरुसँग वार्तालाभ गरी सहमति टुंग्याउने सम्भावना रहेको र दिउँसो बैठक नियमित रुपमा संचालन हुने बताए ।

आइतबार अपरान्ह ४ बजे बैठक प्रारम्भ हुना साथ नेपाल मजदुर किसान पार्टी (नेमकिपा) बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले बोलेपछि सत्तापक्ष नेपाली कांग्रेसकी सांसद मायादेवी शर्माले बाल्ने क्रममा नेकपा एमालेसहित राप्रपा दलका सांसदहरुले नाराबाजी गरेका थिए । १ असारमा आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याइएको बजेटमाथि गत मंगलवारबाट छलफल सुरु गर्न बैठक बोलाइएको थियो । तर , मंगलवार तीन चरणसम्म बैठक बोलाएर पनि नेकपा एमाले र राप्रपाको अवरोधपछि प्रदेश शभा बैठक बुधवार बिहान राखिएको थियो । बुधवार पनि एमाले र राप्रपाको अवरोधका कारण बैठक स्थगित भएको थियो ।

नेमकिपा संसदीय दलका नेता गोसाईंले बैठकमा सम्बोधन गर्दै प्रदेश सरकारले ल्याएको बजेटमा सांसदहरुको असन्तुष्टि रहेको बताए । बजेटमा विभिन्न खालका बेथितीहरु रहेको बताउँदै बजेटमार्फत प्रदेशवासीहरुको हकहित तथा विकासको आकांक्ष पुरा हुन नसकेको भन्दै बजेट संसोधन गर्न सुझाव दिए । 'यो बजेट वक्तव्यमा आए जस्तै प्रजातान्त्रिक छ त ? दलका नेताहरुले दाबी गरेझै समाजवाद उन्मुख चरित्रको छ त ?', सांसद गोसाईंले प्रश्न गरे, 'प्रतिपक्षले भनेको छैन स्वयंम सत्ता पक्षका सांसदहरुले पक्षपातको पोको भयो भनेर भन्दै गर्दा विपक्षीले के भन्दा सहजै अनुमान गर्न सकिन्छ ।',

सांसद गोसाईले सत्तामा पुगेपछि आफुलाई मालिक ठान्ने प्रवृद्धि प्रजातान्त्रिक नभएको टिप्पणी गरेका छन् । सत्तामा गएपछि आँखाले नदेख्ने, जनता नदेख्ने, विपक्षी नदेख्ने परिपाटी रहेको भन्दै नमकिपा पार्टी सैद्धान्तिक रुपमा बजेटको विपक्षमा रहेको बताए । बजेट भनेको लुकटपाटको अर्को नाम होकी भन्ने जनताको बुझाई रहेको र बजेटलाई जुवाको खेल ठान्दै आएको हो भने एउटा अखडामा गएर खेल्न उनले आग्रह गरे । आइतबारसहित तीन दिन बजेटको छलफलका लागि बैठक राखिएको छ । तर, तीन वटै बैठकमा प्रतिपक्षले बोलेपछि अवरुद्ध गरिँदै आएको छ । यसअघि मंगलबारको बैठकमा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया र बुधवारको बैठकमा राप्रपाको दलका नेता उद्धव थापाले बोलेपछि बैठक अगाडि बढाउने क्रममा अवरोध गरिएको थियो ।

# मकवानपुरगढी-४ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ मकवानपुरगढी गाउँपलिकाको वडा नम्बर ४ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको छ । मकवानपुर गढी गाउँपालिका वडा नम्बर ४ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा हुनेमा मकवानपुर जिल्लाकै पहिलो गाउँपालिका हो । आइतबार एक कार्यक्रमबीच गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतानले औपचारिक रुपमा पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरेका हुन् ।

अध्यक्ष स्याङतानले ४ नम्बर वडाको सहीद रुद्र स्मृति सामुदायिक स्वास्थ्य ईकाइलाई प्रमाणपत्र प्रदान गरेर पूर्ण संस्थागत सुत्केरी सुनिश्चित भएको वडा घोषणा गरेका हुन् । ४ नम्बर वडालाई संस्थागत सुत्केरी वडा घोषणा गर्दै स्याङतानले अब आगामी बर्षमा अन्य वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरेर सिङ्गो पालिकलाई नै संस्थागत सुत्केरी हुने पालिकाको रुपमा विकास गर्ने गरी अभियान चलिरहेको बताए ।

गत आर्थिक वर्षमा ४० जना र यो आर्थिक वर्षमा ३५ जनाले सस्थागत सुत्केरी भएको मकवानपुर गढी गाउँपालिका स्वास्थ्य संयोजक धुब्र लामिछानेले जानकारी दिए । बिगत पाचँ वर्षदेखि पूर्ण संस्थागत सुत्केरी वडा घोषणा कार्यको लागि आफूहरु लागि परेको यो कार्यले निरन्तरता र दिगोपन राख्नको लागि सक्रिय भइरहेको लामिछानेले बताए । चालु आर्थिक वर्षमा कम्तिमा ३ वटा वडा घोषणा गर्नको लागि वडा नम्बर १, २, र ३ लाई प्राथमिकतामा राखेको र सोही अनुसार स्वास्थ्य शाखाले काम गरिरहेको लामिछानेले बताए ।

बागमती प्रदेशकै पहिलो पूर्ण संस्थागत सुत्केरी वडा घोषणा थाहा नगरपालिका वडा नम्बर ६ को बज्रबाराही स्वास्थ्य चौकीलाई २०७६ साउन १७ गते घोषणा गरिएको थियो । सँगै थाहा नगपलिकको वडा ९ र १० लाई मिति २०८० बैशा २७ गते, थाहा नगरपालिकाको २, ३, ४ नम्बर वडालाई २०८० जेठ २२ गते र वडा नम्बर ११ र १२ लाई जेठ २८ गते घोषणा घोषणा गरिएको छ । योसँगै हेटौडा उपमहानगरपालिकाको वडागत वर्ष ९ नम्बर वडा र यो वर्ष वडा नम्बर ६ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा भईसकेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

वडा नम्बर ४ का अध्यक्ष अर्जुनप्रसाद तिमल्सिनाको सभाध्यतामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष स्याङतानको प्रमुख आतिथ्यता रहेको थियो । गाउँपालिका उपाध्यक्ष मानकुमारी पाख्रिन नेपाली, स्वास्थ्य अधिकृत दीपककुमार तिवारी, मकवानपुरगढी गाउँपालिका प्रशासकीय अधिकृत शैलेद्र भण्डारी, रानी सामुदायिक वनका अध्यक्ष बिष्णुप्रसाद नौपाने, श्रृजनशील समाज बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष कृष्ण बिडारी, अपाङ तथा विपन्न कृषि सहकारी संस्थाका अध्यक्ष मुस्कान लामा, वडासदस्यहरु, स्वास्थ्यकर्मीहरु, स्वास्थ्यस्वयंसेविका, वडाबासीको उपस्तिथि थियो । कार्यक्रममा वडा नम्बर ४ का स्वास्थ्यशाखाका कर्मचारी, स्वास्थ्य स्वयम्सेविकालाई सम्मान गरिएको थियो ।

# उत्कृष्ट फिचर लेख्ने १२ पत्रकार पुरस्कृत




साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले आयोजना गरेको खुला फिचरलेखन प्रतियोगितामा १२ पत्रकार पुरस्कृत भएका छन् । आइतबार एक कार्यक्रमबीच ती पत्रकारलाई पुरस्कृत गरिएको हो । महासंघको आयोजना र हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा भएको फिचरलेखनमा हेटौंडा उपमहानगरपालिका भित्रका शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, पर्यटन लगायत विकासका क्षेत्रमा भएका कामकारवाहीलाई फिचर समाचार बनाउनु पर्ने थियो ।

लेखनमा सर्बोत्कृष्ट महिलातर्फ सुनिता विष्ट, पुरुषतर्फ सुमन दाहाल भएका छन् । उनीहरुले जनही १५/१५ हजार नगद, प्रमाणपत्र र महासंघ अंकित झोला प्राप्त गरेका छन् । त्यस्तै उत्कृष्ट दशजनालाई पनि महासंघले जनही १० हजार प्रमाणपत्र र झोला प्रदान गरेको छ । उत्कृष्ट दशजनामा पत्रकार श्रीराम अर्जुन, अनिल पराजुली, नीशा गुरुङ, सुजन ढकाल, खेम बोलखे, रविन ढुङ्गाना, प्रिया पौडेल, प्रतिक्षा न्यौपाने, जमुना थिङ, स्मीता अर्याल रहेका छन् ।

फिचर समाचार लेखनको निर्णायक भूमिका नेपाल पत्रकार महासंघ बागमती प्रदेशका पूर्वअध्यक्ष प्रताप विष्ट, उपाध्यक्ष नानीमैया कार्की (सम्झना) र प्रदेश सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले गरेका थिए । फिचरलेखनमा मकवानपुरका १७ जना पत्रकारले सहभागिता जनाएका थिए ।

पुरस्कृत पत्रकारलाई हेटौंडा उपमहानगरका प्रमुख मीनाकुमारी लामाले नगद प्रदान गरेकी थिइन् । महासंघका अध्यक्ष मणिराज गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख लामाको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा महासंघ बागमती प्रदेशका पूर्वअध्यक्ष विष्ट, उपाध्यक्ष रुपेश दुलाल, महासचिव कृष्ण सारुमगर, जिल्लाका निवर्तमान अध्यक्ष हरि हुमागाई, पूर्वअध्यक्ष राममणि दाहाल, विभिन्न पत्रकार संगठनका अध्यक्षहरुको आतिथ्यता रहेको थियो ।

# मकवानपुरमा सडक दुर्घटना बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ हेटौंडाबाट सिन्धुली चतरा हुँदै धरान जोड्ने मदन भण्डारी राजमार्ग स्तर उन्नतिपछि उक्त सडकखण्डमा झन् दुर्घटना बढेको छ । हेटौंडाबाट सिन्धुलीको सीमाना बागमती नदीसम्म करिव ६० किलोमिटर दुरीमा मात्रै गत साउनदेखि असार पहिलो सातासम्म ५१ वटा सवारी दुर्घटनामा परेका छन् ।

दुई वर्षअघिसम्म सडक कच्चीहुँदा फाट्टफुट्ट दुर्घटना हुने भएपनि सडकको स्तरोन्नतिपछि भने यस सडक खण्डमा दुर्घटनाको संख्या बढेको छ । स्तरोन्नतिपछि सवारी साधनको तीव्रगति भएकै कारण दुर्घटना बढेको स्थानीय बताउँछन् ।

'पहिला बाटो कच्ची थियो । गाडी बिस्तारै गुड्थ्यो, अहिले बाटो कालोपत्रे भएपछि स्पिड बढ्नुका साथै दुर्घटना पनि बढिरहेको छ,' एक स्थानीयले भने, 'अहिले बाटोमा युटर्न पनि छ त्यसकारण हिड्दापनि टर्निङ्मा धेरै गरो छ ।'

अर्का स्थानीय विनोद लामिछानेले पनि बाटो कालोपत्रे भएपछि दुर्घटना बढेको बताउँछन् । 'पहिला कच्ची बाटो थियो गाडीको रफ्तार कम थियो ।

अहिले आएर बाटो कालोपत्रे छ बाटो धेरै टर्निङ माथिबाट नै गाडी एकदम स्पिड हुन्छ,' लामिछानेले भने, 'त्यसकारण तल, गएर गाडी एक्कासि टर्निङ् भएको कारणले ब्रेक तातेर ब्रेकले काम नगरेपछि बढी दुर्घटना भएको हो ।'

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका अनुसार आर्थिक वर्ष २०७८/७९ मा ४० वटा दुर्घटना हुँदा ३ जनाको ज्यान गएको थियो भने ८६ जना घाइते भएका थिए । यसवर्ष भने दुर्घटनाको संख्या बढेकोक छ ।

सडक खण्डमा यस वर्षको ११ महिनाको अवधिमा दुर्घटनामा परेर १५ जनाले ज्यान गुमाए भने १ सय ३ जना घाइते भए । सडकको दायाँ बायाँ रहेका मानवबस्ती, खुल्ला छाडिएका चौपाया र सम्बन्धित निकायबाट रोडपर्मिट जारी नहुनु लगायतका कारण दुर्घटना बढेको जिल्ला ट्राफिक कार्यालय मकवानपुरका प्रमुख वसन्त आचार्यले बताए ।

'हामीले चेकिङ् गरिरहेका छौं । तर, गाडी एकदम पातलो त्यहाँ पर्मिट नबनेर अन्य गाडी नचल्ने र सानो गाडी मात्रै कुद्ने हुनाले पनि रोड खाली हुन्छ,' प्रमुख आचार्यले भने, 'त्यसकारण गाडीको ओभर स्पिड भएको कारणले दुर्घटना बढेको हो ।' दुर्घटना हुनुमा खुल्ला चौपाया मात्र कारक नरहेको ट्राफिक कार्यालयको तर्क छ । सडक खाली हुँदा सवारी साधनको गतितीव्र हुनु दुर्घटनाको मुख्य कारण रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको दाबी छ ।

नारायणी यातायात व्यवसायी संघ मकवानपुरका महासचिव सरोजकुमार खनालले सर कारले सडक इजाजत पत्र जारी नगरेको र सवारी साधन पातलो भाको कारणले ओभर स्पिड नै दुर्घटनाको मुल कारण रहेको बताए ।

मकवानपुरमा मात्रै आर्थिक वर्ष २०७८/७९ मा सडक दुर्घटनामा परी ६३ जनाले ज्यान गुमाएका थिए भने ६ सय ७९ जना घाइते भएका थिए । चालु आर्थिक वर्षको ११ महिनामा भएका २ सय २९ वटा दुर्घटनमा थप ५३ जनाको मृत्यु भएको छ । दुर्घटनामा ५ सय ५७ जना घाइते भएको ट्राफिक प्रहरीको तथ्यांकमा उल्लेख छ ।

# बागमतीको बजेट संशोधन गर्न एमालेले राख्यो ११ बुँदे माग

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ बागमती प्रदेश सरकारले ल्याएको बजेट संशोधन गर्न नेकपा (एमाले)ले माग गरेको छ । असार १ गते आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेटमा प्रदेशका मुख्यमन्त्री र दुई मन्त्रीका जिल्लामा मात्र बजेट खन्याएको भन्दै एमाले संसदीय दलले विरोध गरेको हो ।

एमालेले संसदीय दलको कार्यालयमा पत्रकार सम्मेलन गर्दै मुख्यमन्त्री र मन्त्रीहरुले आफ्ना जिल्ला र निर्वाचन क्षेत्रमा मात्र बजेट खन्याएको तर, अन्यत्र बजेट नदिएको भन्दै बजेट संशोधन गर्न माग गरेको छ । बागमती प्रदेश सरकारले विकराल र भयानक आर्थिक अवस्थालाई नजर अन्दाज गर्दै प्रस्तुत गरेको असन्तुलित बजेटप्रति एमालेले असन्तुष्टि व्यक्त गरेको हो । ११ बुँदे मागहरु राख्दै आइतवार पनि संसद् अवरुद्ध गरिएको एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बताए ।

सार्वजनिकरुपमा संचालन हुने विद्युत्तीय सवारी साधन संचालन गर्न बजेटको व्यवस्था गरिनुपर्ने, भीमफेदी कुलेखानी सुरुङ मार्गका लागि शीर्षक मात्र होइन प्रदेश सरकारबाट संघीय सरकारसँग समन्वय गरी बजेटको व्यवस्था गरिनुपर्ने, पालिकाको केन्द्रसँग जोड्ने सडक सञ्जाल निर्माणका लागि गुरुयोजना बनाई बजेटको व्यवस्था गरिनुपर्ने, १३ वटै जिल्लामा प्रदेश गौरवका योजनालाई बजेटमा व्यवस्था गरि नुपर्ने, कृषिमा आधुनिकीकरण गरी युवालाई देशमा नै स्वरोजगार बनाउन अघिल्ला सरकारले सुरु गरेको सहुलियतपूर्ण ऋणको रकम ३ अर्बलाई बढाएर बजेटमा व्यवस्था गरिनुपर्ने लगायतका माग एमालेले राखेको छ ।

# शान्तिसुरक्षा कायम गर्दा दवाव सहन्न: प्रजिअ सेढाई

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/सुरुवा भई भर्खरै मकवानपुर आएका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईंले जिल्लाको शान्तिसुरक्षा कायम गर्ने क्रममा आएको दवाव नसहने बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको जिम्मेवारी सम्हाल्दै गर्दा आइतबार जिल्लाका पत्रकारहरुसँग भेटघाट गरेका सिडिओ सेढाईले जनतालाई प्रदान गर्ने सेवा चुस्तदुरुस्त बनाउन प्राथमिकता दिएर काम गर्ने विश्वास दिलाए । उनी शुक्रबार मात्रै मकवानपुर आएका हुन् ।

उनले आफू प्रशासक जस्तो भएर नै काम गर्न आएको र आफ्नो कार्यकालमा जिल्लाको शान्तिसुरक्षा कायम गर्न कसैको करकाप र दबावमा नपर्ने बताएका हुन् । प्रजिअ सेढाईले भने-'मेरो कार्यकालमा जिल्लाको शान्तिसुरक्षा कायम गर्न संचारमाध्यम, पत्रकार, जिल्लाबासीको सहयोग चाहिने' भन्दै जिल्लामा मौलाएको लागूऔषध र त्यसको नियन्त्रण, सडकमा गुड्ने गाडीमा तोकिएको मापदण्ड भन्दा माथि गएर ओभरलोड बोक्नेलाई आवश्यक कारबाही गरिने बताएका छन् ।

भेटघाटमा मकवानपुरे पत्रकारले जिल्लामा हुने लागूऔषध कारोबार र दुर्व्यसनी, बढ्दो सवारी चाप, सार्वजनिक बिदाको दिन सरकारी सवारीको दुरुपयोग, सरकारी कार्यालयमा हुने ढिलासुस्ती र नदीजन्यपदार्थको अबैध चोरी निकासी र त्यस्ता कार्यको नियन्त्रणमा आवश्यक कदम चाल्न जानकारी गराएका थिए । प्रजिअ सेढाईले पत्रकार भेटघाटमा आफ्नो कार्यकालमा त्यस्ता समस्यालाई नियन्त्रण गरिने प्रतिबद्धता व्यक्त गरे । सेढांई खोटाङ्बाट मकवानपुर आएका हुन् । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, जिल्ला प्रशासनका अधिकृत गुणराज न्यौपाने र विभिन्न संचारगृहमा आवद्ध पत्रकारहरु उपस्थित थिए ।


## गोदमघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**



बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।



## सम्पूर्ण ब्राण्डका गाडी

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना